माननीय आर्थिक मामिला तथा योजना मन्त्री

श्री कुन्दन राज काफ्लेले

प्रदेश सभामा प्रस्तुत गर्नु भएको

विनियोजन विधेयक, २०८२ का

सिद्धान्त र प्राथमिकता

बागमती प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, नेपाल

जेठ, २०८२

माननीय आर्थिक मामिला तथा योजना मन्त्री

श्री कुन्दन राज काफ्लेले

प्रदेश सभामा प्रस्तुत गर्नु भएको

विनियोजन विधेयक, २०८२ का

सिद्धान्त र प्राथमिकता

बागमती प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, नेपाल

जेठ, २०८२

माननीय सभामुख महोदय,

१. प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ मा भएको व्यवस्था बमोजिम विनियोजन विधेयक, २०८२ को सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न यस सम्मानित सभा समक्ष उपस्थित भएको छु।

२. नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्र, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्य शक्तिको बाँडफाँट सम्बन्धमा संविधान प्रदत्त अधिकार, संघीय सरकार र प्रदेश सरकारको आवधिक योजना र दिगो विकासका लक्ष्य प्राप्तिलाई महत्वपूर्ण आधारको रुपमा लिई आगामी आर्थिक वर्षको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताहरू तय गरेको छु।

३. नेपालको संविधान जारी भए पश्चात् संघीय शासन प्रणालीको अभ्याससँगै प्रदेश सरकारबाट आठ वटा बजेट कार्यान्वयन भई नवौं बजेट तर्जुमाको क्रममा रहेको छ। यस अवधिमा भौतिक पूर्वाधार, कृषि तथा पशुपन्छी, खानेपानी तथा सिँचाई, स्वास्थ्य, शिक्षा, खेलकुद, पर्यटन र यातायातका क्षेत्रहरूमा केही उपलब्धिमूलक कार्यहरू भएका छन्। प्राप्त भएका उपलब्धिहरुलाई संस्थागत गरी प्रदेशको विकासलाई तीव्रता दिँदै अर्थतन्त्रलाई गतिशील बनाउने जिम्मेवारी प्रदेश सरकारको काँधमा रहेको छ।

माननीय सभामुख महोदय,

नेपालको संविधान, सोह्रौं योजना र बागमती प्रदेशको दोस्रो आवधिक योजनाको मार्गदर्शनका आधारमा विनियोजन विधेयक, २०८२ का सिद्धान्तहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

४. संविधान र प्रादेशिक योजनाको कार्यान्वयनः

नेपालको संविधानमा उल्लेख भएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, प्रदेश सरकारको अधिकारका क्षेत्रहरू र बागमती प्रदेश सरकारको दोस्रो आवधिक योजनाले लिएका सोच, लक्ष्य, रणनीति र प्राथमिकताहरूलाई कार्यान्वयन गर्ने गरी प्रदेशको आगामी आर्थिक वर्षको बजेट तर्जुमा गरिनेछ। बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन प्रदेशको संस्थागत क्षमता विकास गरिनेछ।

५. सहकार्य र साझेदारीमा आधारित विकासः

संविधानले परिलक्षित गरेको लोक कल्याणकारी राज्य निर्माणका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा सामाजिक न्याय सहितको दिगो आर्थिक विकास तथा सबै प्रकारका असमानताको अन्त्य गर्दै समाजवाद उन्मुख, आत्मनिर्भर, उन्नतशील, स्वतन्त्र र समृद्ध अर्थतन्त्र निर्माण गर्नेतर्फ आगामी आर्थिक वर्षको बजेट निर्देशित गरिनेछ। प्रदेशभित्र स्वदेशी तथा विदेशी लगानीलाई प्रोत्साहन गर्ने गरी बजेट तर्जुमा गरिनेछ। उत्पादन, उत्पादकत्व वृद्धि र आर्थिक तथा सामाजिक पूर्वाधारको विकासमा निजी क्षेत्रको भूमिकालाई जोड दिँदै

सार्वजनिक निजी साझेदारीका आधारमा कार्यक्रमहरू संचालन गरिनेछन्।

६. रोजगारीका अवसर र सामाजिक न्यायः

सार्वजनिक, निजी र सहकारी क्षेत्रसँगको सहकार्यमा प्रदेश अर्थतन्त्रलाई रुपान्तरण गर्ने गरी कृषि, उद्योग, पर्यटन, ऊर्जा, सिँचाई र पूर्वाधारका क्षेत्रहरूको विकास र बिस्तार गरी रोजगारीका अवसर सृजना गरिनेछ। रोजगारीका अवसरमा गरिब, विपन्न र सीमान्तकृत समूह तथा समुदायको पहुँच अभिवृद्धि गर्दै पछाडि परेका क्षेत्र, वर्ग र समुदायको आर्थिक गतिविधिमा सहभागिता सुनिश्चित गरिनेछ।

७. विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासनः

तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमता भएका वस्तु तथा सेवा उत्पादनका क्षेत्रहरुमा बजेट विनियोजनलाई प्राथमिकता दिइनेछ। प्रदेश गौरवका आयोजना, क्रमागत आयोजना र अधुरा आयोजनाहरूलाई समयमै सम्पन्न गर्ने गरी आवश्यक बजेट व्यवस्था गरिनेछ। वातावरणीय प्रभाव मूल्याङ्कन, सम्भाव्यता अध्ययन, लाभ लागत विश्लेषण र जग्गा प्राप्ति जस्ता पूर्वतयारी सम्पन्न भएका आयोजनाहरूलाई आयोजना बैङ्कमा समावेश गरी प्राथमिकताको आधारमा बजेट विनियोजन गरिनेछ। आयोजना छनौट, कार्यान्वयन र मूल्याङ्कनमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय जवाफदेहिता कायम गरिनेछ।

८. राजस्व संकलन र आन्तरिक आयमा अभिवृद्धिः

अनुदान र राजस्व बाँडफाँटमा आधारित प्रदेश अर्थतन्त्रलाई आय र उत्पादनमा आधारित बनाउने गरी प्राथमिकतामा बजेट विनियोजन गरिनेछ। प्रदेशको आन्तरिक आयमा सहयोग पुग्ने क्षेत्रहरूमा लगानी बढाउन आगामी आर्थिक वर्षको बजेट केन्द्रीत गरिनेछ। नीतिगत र संरचनागत सुधार मार्फत करका दायरा बिस्तार, राजस्व चुहावट नियन्त्रण र सम्भाव्य स्रोतको खोजी गरी प्रदेशको आन्तरिक आय वृद्धि गरिनेछ। संविधान तथा प्रचलित कानूनले उपलब्ध गराएको प्रदेश सरकारको राजस्व संकलनमा रहेका कानूनी अड्चन तथा अस्पष्टतालाई हटाउन संघीय सरकार र स्थानीय तहसँग समन्वय गरिनेछ।

९. संघीय प्रणालीको सबलीकरणः

आवश्यकता र प्राथमिकताको आधारमा प्रदेश सरकारका संरचनाहरूलाई व्यवस्थित गरिनेछ। दोहोरो कार्यक्षेत्र भएका संरचनाहरू र औचित्य स्थापित नहुने दरबन्दीहरू आवश्यकता अनुसार खारेज गरिनेछ। तीन तहका सरकारको क्षेत्राधिकार अनुसारका कार्यहरूको कार्यान्वयनमा प्राथमिकता दिँदै संघीय प्रणालीलाई सबलीकरण गरिनेछ।

१०. वित्तीय हस्तान्तरणको प्रभावकारिता अभिवृद्धिः

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सुझाव अनुरुप वित्तीय हस्तान्तरण गरिनेछ। प्रदेश सरकारबाट स्थानीय तहहरूलाई दिइने वित्तीय हस्तान्तरणमा समानीकरण अनुदानलाई प्राथमिकता दिइनेछ।

स्थानीय तहमा हस्तान्तरण हुने सशर्त, समपूरक तथा विशेष अनुदानका कार्यक्रमलाई प्रभावकारी बनाउन यस प्रकारका आयोजनाहरूको नियमित अनुगमन तथा आवधिक मूल्याङ्कन गरिनेछ।

माननीय सभामुख महोदय,

आगामी आर्थिक वर्षको विनियोजन विधेयक प्रस्तुत गर्दा देहायका क्षेत्रगत प्राथमिकताहरू तय गरेको छु।

११. पूर्वाधार क्षेत्रको विकास:

प्रादेशिक विकासको दिगोपनामा जोड दिई पूर्वाधार विकासमा क्षेत्रीय सन्तुलन कायम गरिनेछ। उदीयमान बजार केन्द्र तथा पालिका केन्द्रहरू जोड्ने प्रादेशिक सडक यातायात गुरुयोजनाका सडकहरू र अन्य महत्वपूर्ण सडकहरुलाई प्राथमिकतामा राखी बिस्तार तथा स्तरोन्नति गरिनेछ। विपद्बाट क्षति भएका सडक तथा अन्य पूर्वाधारहरूको मर्मत तथा स्तरोन्नतिका कार्यक्रमहरू सञ्चालन र जोखिमयुक्त पुलहरूको प्रतिस्थापन वा मजबुतीकरण गरिनेछ। प्रदेशबाट निर्माण हुने सम्पूर्ण भवनहरूमा एकद्वार प्रणाली लागू गरिनेछ। एकीकृत बस्ती विकास, जग्गा एकीकरण र जोखिमयुक्त बस्ती स्थानान्तरण जस्ता कार्यक्रमहरू अघि बढाइनेछ। आर्थिक, सामाजिक, पर्यटकीय तथा औद्योगिक सम्भाव्यता विश्लेषण गरी पहुँच मार्गहरू निर्माणलाई जोड दिइनेछ।

१२. कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणः

कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व अभिवृद्धिको लागि कृषि क्षेत्रमा आधुनिकीकरण गरी प्रविधिको प्रयोगमा कृषकको पहुँच बढाउन कार्यक्रमहरु तर्जुमा गरिनेछ। रैथाने बालीको संरक्षण र उच्च मूल्य तथा निर्यातयोग्य कृषि उपज उत्पादनमा लगानी बढाइनेछ। व्यवसायिक खेती प्रवर्धनको लागि जमिनको चक्लाबन्दी तथा बाँझो जमिनको उपयोग गरिनेछ। माटोको उर्वराशक्ति अभिवृद्धिका लागि जैविक मलमा आधारित खेतीलाई प्रोत्साहित गर्दै कृषियोग्य जमिनमा सिँचाइ सुविधा बिस्तारका लागि बजेट विनियोजन गरिनेछ। संघीय सरकार र स्थानीय तहसँग समन्वय र सहकार्य गरी कृषि उपजको उत्पादन, सुरक्षित भण्डारण, प्याकेजिङ, ब्राण्डिङ तथा बजारीकरण गरिनेछ। प्रदेशभित्र उपलब्ध युवा जनशक्तिलाई कृषि क्षेत्रमा आकर्षित गर्न स्थानीय तह, निजी क्षेत्र र सहकारी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ। कृषिलाई उत्पादन र उत्पादनलाई उद्योगसँग जोड्दै रोजगारी र आय आर्जन वृद्धिमा निजी क्षेत्रलाई आकर्षित गरिनेछ।

१३. गुणस्तरीय शिक्षा र शैक्षिक क्षेत्रको विकासः

प्रदेश र स्थानीय तहहरूसँगको समन्वय र सहकार्यमा सार्वजनिक विद्यालयको संस्थागत विकास मार्फत शैक्षिक गुणस्तरमा सुधार गरिनेछ। अनिवार्य तथा निःशुल्क शिक्षामा जोड दिँदै शिक्षामा सबैको पहुँच सुनिश्चित गरिनेछ। गुणस्तरीय शिक्षा अभिवृद्धिका लागि विद्यालयमा कार्यरत जनशक्तिको क्षमता विकास गरिनेछ। प्राविधिक

तथा व्यवसायिक शिक्षामा लगानी गरी प्रदेशलाई सूचना प्रविधि हबको रुपमा विकास गरिनेछ। परम्परागत ज्ञान र प्रविधिको संरक्षण र आधुनिकीकरण, वैज्ञानिक शिक्षा प्रणाली, समस्या समाधानमा आधारित अनुसन्धान र नवप्रवर्तनका लागि बागमती प्रदेश विश्वविद्यालयको पूर्वाधार विकास गरिनेछ।

१४. स्वास्थ्य क्षेत्रको विकासः

प्रदेशको स्वास्थ्य क्षेत्रको विकासलाई बहुआयामिक रुपमा अगाडि बढाइनेछ। स्वास्थ्य क्षेत्रको विकासमा प्रादेशिक अस्पताल एवं स्वास्थ्य संस्थाहरूमा पूर्वाधार विकास र जनशक्तिको व्यवस्था गरिनेछ। स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गरिनेछ। आधारभूत स्वास्थ्य सेवा प्रवाहमा स्थानीय तहसँग समन्वय, सहकार्य र साझेदारीका आधारमा सम्पूर्ण जनताको पहुँच सुनिश्चित गरिनेछ। स्वास्थ्य सेवा प्रवाहमा राज्यको जिम्मेवारी र नियमनलाई प्रभावकारी बनाउने र विशेषज्ञ सेवा बिस्तार तथा सुदृढीकरण गरिनेछ। सामाजिक न्यायको सिद्धान्तअनुरूप पछाडि परेका/पारिएका लक्षित वर्गलाई स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

१५. पर्यटन क्षेत्रको विकासः

प्रदेशमा रहेका पर्यटकीय, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्वर्द्धन, पुनःसंरचना र प्रवर्धन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आकर्षक गन्तव्यको रूपमा विकास गरिनेछ। प्रदेशबाट निर्माण गरिएका पर्यटकीय पूर्वाधारहरूको व्यवस्थापन तथा संचालनलाई

आवश्यकता अनुसार स्थानीय तहमा हस्तान्तरण गरिनेछ। सार्वजनिक निजी साझेदारीका आधारमा पर्यटकीय पूर्वाधारका क्षेत्रहरुको निर्माण र संचालनलाई प्राथमिकता दिइनेछ। आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धनका लागि मेला, महोत्सव, प्रदर्शनी तथा डिजिटल माध्यमबाट विविध कार्यक्रमहरू सञ्चालन गरिनेछ। प्रदेशमा विद्यमान सम्पदाहरूको संरक्षण, अभिलेखीकरण, प्रवर्धन र पुस्तान्तरणमा विशेष जोड दिइनेछ। वातावरणमैत्री, सामाजिक समावेशी र स्थानीय समुदायप्रति उत्तरदायी दिगो पर्यटन तथा संस्कृति नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१६. सहकारी तथा गरिबी निवारणः

सहकारी क्षेत्रको सुदृढीकरण गरी पुँजी परिचालन गर्न स्थानीय तह र सहकारी संघसंस्थाहरुको साझेदारी मार्फत उत्पादन, प्रशोधन र बजारीकरणका कार्यक्रमहरु संचालन गरिनेछ। वित्तीय र व्यवस्थापकीय जोखिममा रहेका सहकारी संस्थाहरुको नियमन र सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाई बचतकर्ताको निक्षेपलाई सुरक्षित गरिनेछ। समस्याग्रस्त सहकारी संस्थाहरुको समस्या समाधानका लागि उचित कदम चालिनेछ। प्रदेश भित्र गरिबीको रेखामुनि रहेका अल्पसंख्यक, विपन्न र सीमान्तकृत वर्गका लागि सशक्तीकरण कार्यक्रमहरु संचालन गरिनेछ।

१७. खानेपानी, सरसफाई र फोहोरमैला व्यवस्थापनः

प्रदेशका शतप्रतिशत घरधुरीमा आधारभूत खानेपानी तथा सरसफाईको पहुँचलाई सहज बनाइनेछ। आधारभूत खानेपानी पुगेका घरधुरीहरुमा स्वच्छ र शुद्ध खानेपानीको सुनिश्चित गरिनेछ। आधारभूत खानेपानीको सुविधा नपुगेका तथा सुख्खाग्रस्त क्षेत्रहरूमा पम्पिङ तथा लिफ्टिङ प्रविधिमा आधारित खानेपानी आयोजना संचालन गरिनेछ। खानेपानी आयोजनाहरूको निर्माण तथा नियमित मर्मतसम्भार गरिनेछ। प्राचीन ढुङ्गेधारा, कुवा, इनार जस्ता स्रोत तथा मुहानहरूको संरक्षण तथा प्रवर्धन गरिनेछ। शहर तथा शहरोन्मुख बजारक्षेत्रमा खानेपानी सेवाको स्तरवृद्धि तथा सर्वयाम सेवा उपलब्ध गराइनेछ। फोहोरमैला व्यवस्थापनलाई प्राथमिकता दिँदै दूषित ढल प्रशोधन सम्बन्धी आयोजनाहरू संचालन गरिनेछ। स्थानीय तह, निजी क्षेत्र र समुदायको सहभागिता र साझेदारीमा फोहोरमैलाको दिगो व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गरिनेछ।

१८. ऊर्जा र सिँचाइः

संघीय सरकार तथा नेपाल विद्युत् प्राधिकरणसँगको सहकार्य र समन्वयमा ग्रामीण विद्युतीकरण, सोलार मिनीग्रिड र अन्य वैकल्पिक ऊर्जाको प्रयोग मार्फत नवीकरणीय ऊर्जाको पहुँचमा अभिवृद्धि गरिनेछ। भरपर्दो र दिगो सिँचाइ मार्फत कृषि उत्पादनमा वृद्धि गरिनेछ। विद्यमान सिँचाइ संरचनाहरूबाट अधिकतम लाभ लिने गरी संघ तथा स्थानीय तहसँग सहकार्य गरिनेछ। सिँचाइ आयोजनाहरूको

मर्मतसम्भार गरी पूर्ण क्षमतामा संचालन गर्न बजेट विनियोजन गरिनेछ। सिँचाइ प्रणालीको लागि पानीको मुहान तथा जलाधार उपयोगको संरक्षण गरिनेछ।

१९. भाषा, संस्कृति र कलाको संरक्षणः

प्रदेशको पहिचानको रुपमा रहेको भाषा, संस्कृति, साहित्य र कला जस्ता सम्पदाको संरक्षण र प्रवर्धनका लागि बजेट विनियोजन गरिनेछ। प्रदेशमा बोलिने विभिन्न भाषा र सबै सांस्कृतिक सम्पदाहरूको अभिलेख तयार गरिनेछ। प्रदेश सरकारी कामकाजको भाषाको रुपमा मान्यता प्राप्त तामाङ भाषा र नेपाल भाषाको प्रयोगका सम्बन्धमा प्रशासनिक क्षमता विकास गरिनेछ।

२०. सामाजिक न्याय र मानव अधिकारः

प्रदेशभित्र विद्यमान सबै किसिमका आर्थिक-सामाजिक विभेद र पछौटेपनको अन्त्य गर्दै विकासमा पछि परेका क्षेत्र, वर्ग, लिङ्ग, जातजाति र सीमान्तकृत समुदायको जीवनस्तर सुधार गरिनेछ। स्रोत र साधनमा सीमान्तकृत समुदायको पहुँच अभिवृद्धि गर्दै सामाजिक न्याय सुनिश्चित गरिनेछ। बाल अधिकार, महिला सशक्तीकरण, श्रमको सम्मान र श्रमिकहरूको हकहित सुनिश्चित गरी मानव अधिकार प्रत्याभूत गरिनेछ।

२१. औद्योगिक विकास र निजी क्षेत्रको प्रवर्धनः

स्थानीय तहमा उद्योग व्यवसाय प्रवर्धनको लागि एक वडा एक उद्यम, एक स्थानीय तह एक प्रमुख उद्योग स्थापनामा सहयोग हुने गरी

कार्यक्रमहरू तर्जुमा गरिनेछ। निजी क्षेत्रसँग रहेको सीप, पुँजी र प्रविधिलाई उपयोग गरी घरेलु, साना तथा मझौला उद्योगहरू सञ्चालन गर्न प्रोत्साहन गरिनेछ। स्थानीय तह र निजी क्षेत्रसँगको समन्वयमा स्थानीयस्तरमा उत्पादित वस्तुको प्रवर्धन र ब्राण्डिङ गर्दै बजारीकरण गरिनेछ।

२२. वन तथा वातावरण संरक्षण र जलवायु परिवर्तनः

वन पैदावारमा आधारित उद्यम विकास, जडिबुटी प्रजातिहरूको संरक्षण, खेती बिस्तार, सङ्कलन, प्रशोधन तथा बजार प्रवर्धन गरिनेछ। विकास र वातावरण बीच सन्तुलन कायम हुने गरी बजेट तर्जुमा गरिनेछ। जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन कार्यक्रमहरू मार्फत जैविक विविधता संरक्षणमा जोड दिइनेछ। डढेलो नियन्त्रण, भू-क्षय न्यूनीकरण, वन तथा वन्यजन्तु माथिको अतिक्रमण र मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि आवश्यक उपायहरू अवलम्बन गरिनेछ। अध्ययन, अनुसन्धान, प्रविधि विकास तथा मानव संशाधन विकासलाई उच्च प्राथमिकता दिइनेछ।

२३. युवा तथा खेलकुदः

स्वास्थ्य तथा अनुशासनका लागि खेलकुद भन्ने उद्देश्यका साथ एक निर्वाचन क्षेत्र एक बहुउद्देश्यीय खेलमैदान प्राथमिकताका आधारमा क्रमशः निर्माण गरिनेछ। तीनै तहका सरकारहरुको समन्वय र सहकार्यमा प्रदेश भित्र अन्तर्राष्ट्रिय स्तरका खेलमैदानको निर्माणलाई अगाडि बढाइनेछ। खेलकुद क्षेत्रको विकास मार्फत युवाको सर्वाङ्गीण

विकास गर्दै राष्ट्र निर्माणको आधार तयार गरिनेछ। युवा उद्यमशीलतामार्फत रोजगारी सिर्जनाका लागि स्थानीय तहसँग समन्वय र साझेदारी गरिनेछ।

२४. सूचना-सञ्चार, नवप्रवर्तन र अनुसन्धानः

सूचना तथा सञ्चार क्षेत्रको क्षमता अभिवृद्धि र प्रोत्साहन मार्फत नागरिकको सूचनाको हक सुनिश्चित गरिनेछ। प्रदेश सरकारबाट प्रवाह हुने सेवाहरूलाई विद्युतीय प्रणाली मार्फत संचालन गरिनेछ। विज्ञान तथा प्रविधिको उपयोग गर्दै अनुसन्धान, आविष्कार र नवप्रवर्तनको प्रवर्धन गरिनेछ। स्टार्टअप स्थापना र संचालन गर्न युवाहरूलाई भौतिक र वित्तीय सहयोग उपलब्ध गराइनेछ।

२५. विपद् जोखिम न्यूनीकरण एवं उत्थानशीलताः

विगतमा घटित विपद्जन्य घटनाहरुबाट पाठ सिक्दै विकासका पूर्वाधारहरू निर्माण गर्दा यसको कारण सृजना हुन सक्ने बाढी, पहिरो, भू-क्षय, डुबान लगायतका विपद् जोखिम घटाउन र वातावरण संरक्षणका लागि उचित उपायहरू अवलम्बन गरिनेछ। विपद् प्रतिकार्य र पुनर्स्थापनाको प्रभावकारिता अभिवृद्धि गर्न अन्तरतह र अन्तरनिकाय समन्वयलाई प्रभावकारी बनाइनेछ। विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक स्रोत साधन र जनशक्तिको क्षमता विकास गरी उत्थानशीलता अभिवृद्धि गरिनेछ। प्राकृतिक स्रोतको अनुचित दोहनलाई नियन्त्रण गर्न नीति नियम बनाई कडाईका साथ कार्यान्वयन गरिनेछ।

२६. सार्वजनिक खर्चमा प्रभावकारिताः

प्रदेशको प्राथमिकता र उच्च प्रतिफल प्राप्त हुने क्षेत्रमा पूँजीगत खर्चलाई केन्द्रीत गर्दै आय, उत्पादन र रोजगारी बढाइनेछ। चालु खर्चमा मितव्ययिता अपनाई प्रदेश सरकारको खर्चलाई पूँजी निर्माणसँग आवद्ध गरिनेछ। पूँजीगत खर्चमा गुणस्तर अभिवृद्धि हुने गरी प्रशासनिक निकायको क्षमता अभिवृद्धि गरिनेछ। मानव साधनको विकास र रोजगारी सिर्जनामा सहयोग पुग्ने गरी सार्वजनिक खर्चलाई केन्द्रीत गरिनेछ।

२७. सुशासन र सेवा प्रवाहः

सार्वजनिक सेवामा नागरिकको पहुँच अभिवृद्धि गर्न सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ। संघीय सरकार र स्थानीय तहसँगको सहकार्य र समन्वयका माध्यमबाट प्रदेश सरकारको सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ। आगामी आर्थिक वर्षको बजेटलाई गुणस्तरीय सार्वजनिक सेवा प्रवाह तथा सुशासन प्रवर्धन, आर्थिक र सामाजिक पूर्वाधार विकासका क्षेत्रमा केन्द्रीत गरिनेछ।

माननीय सभामुख महोदय,

२८. प्रस्तुत सिद्धान्त र प्राथमिकताका आधारमा बजेट तर्जुमा गर्दा प्रदेशमा उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि भई सुशासन, विकास र समृद्धिलाई सघाउ पुऱ्याउने छ।

२९. अन्त्यमा, विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता माथि यस सम्मानित सभामा छलफलको क्रममा माननीय सदस्यहरूबाट प्राप्त हुने विचार, विश्लेषण र सुझावहरूलाई महत्वपूर्ण पृष्ठपोषणको रुपमा लिई आगामी आर्थिक वर्षको बजेट तर्जुमा गरिनेछ। विनियोजन कुशलता, कार्यान्वयन दक्षता र जवाफदेहिताका माध्यमबाट बजेट प्रणालीमा अनुशासन कायम गरी संघीय शासन प्रणालीको कार्यान्वयनमा आशा एवं विश्वास जगाउन आगामी आर्थिक वर्षको बजेट तर्जुमा गरिने विश्वास दिलाउन चाहन्छु।

धन्यवाद !

जय नेपाल !!

मितिः २०८२ जेठ ०६ गते।

बागमती प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, नेपाल

फोन नं. ०५७-५२०५१८/२०

Email: moeap@bagamati.gov.np

Web: moeap.bagamati.gov.np